# सानो झूप्रो भित्र

सानो झूप्रो भित्र दरवार देखेछ
दरवारमा राजारानी देखेछ
कान्छीकी बाबूलाई थाहा छैन
दरबारभित्र झूप्रो छ कि छैन
त्यो झूप्रोमा गरीब छ कि छैन

कान्छीकी आमा घांस दाउरा गरी आई
झूप्रो भित्र निहुरेर अटाई
के झूप्रो निहुरीनु पर्नेलाई मात्र
भोकले पिल्सीएको झिनो शरीरलाई मात्र
दबिएर चेप्टिएर अटाउनेलाई मात्र

च्यान्टे स्कूलदेखि आयो
बा बा भन्नुस भन्दै करायो
कतिवटा झूप्रो जोडे दरवार होला ?
कति घटाउंदा झूप्रो बांकी रहला ?
के शून्ना भन्दा झूप्रो बेसी होला ?

लेखक...राकेश कार्की
विन्डसर विश्वविद्यालय
क्यानाडा